# मुगु–यू.एम.एन.

## वार्षिक प्रतिवेदन
## २०७६/२०७७



भौगोलिक हिसावले विकट कर्णाली प्रदेशको मुगु प्राकृतिक स्रोतहरू रारा ताल सहितको रारा राष्ट्रिय निकुञ्ज, मुगु कर्णाली नदी, छायानाथ क्षेत्र, बहुमूल्य जडिवुटिको भण्डार तथा अन्य विविध सम्पदाहरूले विकासको संभावना भएको जिल्ला हो । बि.सं. २०६८ को राष्ट्रिय जनगणना अनुसार कुल जनसङ्ख्या ५५,२८६ (पुरुष २८०२५ र महिला २७२६१) रहेको छ जहाँ एक नगरपालिका र तिन गाउँपालिका रहेका छन् ।

यूनाईटेड मिसन टु नेपाल मुगु एक अन्तराष्ट्रिय गैर-सरकारी संस्था हो । यसले मुगु जिल्लामा दुई दशकदेखि सामुदायिक विकासको क्षेत्रमा स्थानीय गैर-सरकारी संस्थाहरूसँगको साझेदारीमा कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ । सन् २०१९ मा पनि यूनाईटेड मिसन टु नेपाल मुगु क्लष्टरले मुगु जिल्लाको मुगुम कार्मारोङ र सोरु दुई गाउँपालिकाहरूमा सामुदायिक विकासको/रूपान्तरणका लागि क्लष्टर रणनैतिक योजना २०२०-२५ निर्माण गऱ्यो । कोभिड - १९ को महामारीले विक्षिप्त समुदायहरूलाई कठिन परिस्थितिको सामना गर्न विभिन्न कोभिड - १९ विपद् सम्बन्धी परियोजनाहरू निर्माण गरी स्थानीय सरकारहरूसँग हातेमालो गर्दै आइरहेको छ ।

त्यसैगरी बालमैत्री गुणस्तरीय शिक्षा, जिम्मेवार र उत्तरदायी प्रणाली, सामुदायिक सहभागिता र सशक्तीकरणको माध्यमद्वारा समुदायमा रहेको गरिबी तथा अन्यायको मूल कारण सम्बोधन गर्न गरिबी, न्यून साक्षरता, महिला हिंसा, परम्परागत हानिकारक प्रचलन तथा अभ्यासहरू, सुशासन, जस्ता जिल्लाको प्रमुख समस्याहरूलाई न्यूनीकरण गर्न विभिन्न परियोजनाहरू सञ्चालन गरियो ।

योजना गरिएका परियोजना तथा कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्नु हुने स्थानीय सरकारहरू, जिल्लामा कार्यरत सरकारी तथा गैर-सरकारी निकायहरू, सञ्चारकर्मीहरू, नागरिक समाज, लक्षित समुदायहरू, दातृ निकायहरू, साझेदार संस्थाहरू र यू.एम.एन. टिमका सम्पूर्ण साथीहरू तथा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

***तेजिन्द्र सिंजाली***
*क्लष्टर टिम लिडर*

# विषयगत क्षेत्रका उपलब्धिहरू

## शिक्षा

- ४६ जना दलित छात्राहरूले परियोजनाबाट अध्ययनका लागि छात्रावृत्ति सहयोग प्राप्त गरेका छन् जसमध्ये १६ जना कक्षा ७ देखि ९ सम्मका, सात जनाले कक्षा ११ मा, पाँच जनाले कक्षा १२, नौ जनाले स्नातक तह तथा १० जनाले प्राविधिक तथा व्यवसायिक सीपका लागि रहेका छन् ।
- करान क्षेत्रका १४ ओटा विद्यालयहरूमा प्रभावकारी शिक्षण सिकाइ वातावरणका लागि बालमैत्री कक्षाकोठा व्यवस्थापनमा सहयोग गरिएको छ । कक्षाकोठा र विद्यार्थीहरूको सङ्ख्याको आधारमा प्रारम्भिक बालविकासदेखि कक्षा ३ सम्मका कक्षा कोठाहरूमा आवश्यकता अनुसार १४ ओटा विद्यालयहरूको कक्षाकोठा र विद्यार्थीहरूको सङ्ख्याको आधारमा कार्पेट, कुसन, पि–फमको व्यवस्था गरिएको छ । दाउरा, रिउस, पुलु, मह, सेरोगका विद्यालयहरूमा कक्षाकोठामा भुईं सिलिङ गरिएका छन् । दाउराको विद्यालयमा छात्रा र छात्रहरूको छुट्टाछुट्टै प्रयोग गर्ने गरी दुई कोठे शौचालय निर्माण गरिएको छ ।
- अभिभावकहरूमा विद्यालय अनुगमनका बारेमा अभिमुखीकरण गराइएको छ । विद्यालयप्रतिको आफ्नो भूमिका, जिम्मेवारी र विद्यालय अनुगमन योजनाका बारेमा अभिमुखीकरण गराइएका १७ ओटा विद्यालयहरू मध्ये माङग्री, चिमाथ, छायल, डोल्फु र किम्री गरी ५ ओटा विद्यालयहरूले विद्यालय अनुगमन योजना निर्माण गरी विद्यालय अनुगमनका लागि तोकिएका व्यक्तिरूले मासिक रूपमा विद्यालयमा गई शिक्षक शिक्षिकहरूसँग भेटघाट तथा विद्यालय शिक्षण सिकाइ कार्यको बारेमा छलफल गर्ने गरेका छन् ।
- मुगुम कार्मरोङ गाउँपालिकाका अध्यक्ष, शिक्षा प्रमुख, विद्यालय शिक्षक, कार्मारोङ मातृभाषा जान्ने शिक्षा प्रेमीसंस्थाका पदाधिकारी र कार्यरत कर्मचारीहरू सहित २६ जनाको सहभागितामा तीन दिने मातृभाषामा आधारित बहुशिक्षा पाठ्यपुस्तक लेखन कार्यशाला सम्पन्न गरिएको छ । पाठ्यक्रम विकास केन्द्रबाट तयार गरिएको कक्षा १ को मेरो गणित र मेरो सेरोफेरो विषयमा कार्मारोङ भाषामा अनुवाद भई पहिलो मस्यौदा तयार गरिएको छ ।

## शान्तिनिर्माण (अपाङ्गता)

- मुगुम कार्मारोङ तथा सोरु गाउँपालिका र छायानाथ रारा नगरपालिकामा एक एक पटक अपाङ्गता भएका बाललालिकाहरूका लागि घुम्ती शिविर सञ्चालन गरियो । शिविर सञ्चालनपछि जम्मा १५ जना (८ बालक तथा ७ बालिका) बालबालिकाहरूको काठमाडौमा उपचार गरिएको थियो । जसका लागि यू.एम.एन. तथा साझेदारी संस्था डार्डो नेपालले समन्वय र सहकार्य गरेको थियो । उपचार गरी फर्किसकेपछि दैनिक रूपमा विद्यालयमा पुनर्स्थापित हुनुको साथै हाजिरी नियमित भइ अध्ययन गर्न थालेका छन् । त्यसैगरी सामान्य रूपमा घरयासी कार्यहरू गर्नलाई पनि परिवारमा सघाउ पुगेको र सामाजिक चाडपर्व तथा अन्य कुराहरूमा सहभागी भइरहेका छन् ।
- ११ जना (४ बालक, ७ बालिका) बालबालिकाहरूलाई निरन्तर रूपमा अनुसरण उपचारका लागि पठाइएको थियो । मुगुम कार्मारोङ गाउँपालिकामा चार ओटा, छायानाथ रारा नगरपालिकामा १० ओटा स्वलम्वन समूह दर्ता भएका छन् जसमा डार्डो नेपालले उनीहरूको समूह दर्ता, क्षमता अभिवृद्धिमा प्राविधिक सहयोग गरेको थियो ।
- डार्डो नेपालले तिनओटा गाउँपालिकाहरूको अपाङ्गता परिचय पत्र नियमावली निर्माणमा प्राविधिक सहयोग गरेको छ । जसले गर्दा सुरक्षा भत्ता वितरणका लागि सहज तुल्याएको छ ।

## स्वास्थ्य

- मुगुम कार्मारोङ गाउँपालिकास्थित १६ ओटा विद्यालयहरूमा विद्यालय शिक्षक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, अभिभावकहरू सहित २४३ जना (१२१ महिला) लाई विद्यालय स्वास्थ्य तथा पोषणका बारेमा अभिमुखीकरण गराइएको छ । यस अभिमुखीकरण कार्यले विद्यालयको स्वास्थ्य, सरसफाइ एवम् विद्यालयमा खुवाइने दिवाखाजा कार्यक्रममा सुधार आएकोछ । बालबालिकाहरूलाई चाउचाउ, बिस्कुट नखुवाई स्थानीय स्तरमा उपलब्ध हुने आलु, रोटी, तरकारी, गेडागुडी खुवाउने गरेका छन् ।



- किशोरी र महिला शिक्षिकाहरू गरी ४६ जनाको सहभागितामा महिनावारी स्वच्छता व्यवस्थापन तथा सुधारिएको धुन मिल्ने प्याड निर्माण सम्बन्धी ३ दिने तालिम सञ्चालनबाट किशोरी र शिक्षिकाहरू महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी जानकार भई प्याड बनाउन र प्रयोग गर्न सक्षम भएको छन् ।
- जिल्ला स्वास्थ्य कार्यालय मुगु र मुगुम कार्मारोङ गाउँपालिकाको स्वास्थ्य शाखाको समन्वयमा अगिल्लो वर्ष रक्त अल्पता परीक्षण गरिएका ३२२ जना बालबालिकाहरू र ३८१ जना (२०७ जना छात्रा) लाई १३ हप्ता आईरन चक्की र जुकाको औषधि खुवाएको छ ।
- १५ ओटा विद्यालयका शिक्षक, बालबालिकाहरू गरी १५८ महिला २०३ पुरुष गरी ३६१ जनाको सहभागितामा फोहोर व्यवस्थापन अभियान सञ्चालन गरिएको छ । फोहोर व्यवस्थापनका लागि प्रत्येक विद्यालयहरूमा खाडल निर्माण, कुचा, पन्जा, काठका डस्बिन र प्लास्टिकका डस्बिनहरूको व्यवस्था गरिएको छ । फोहोरमैला व्यवस्थापन गरिसके पश्चात सरसफाइ गर्नका लागि ७ ओटा विद्यालयहरूमा हातधुने मचान निर्माण गरिएको छ ।

## सुशासन

- मुगुम कार्मारोङ गाउँपालिकामा मुगु सामुदायिक रूपान्तरण कार्यक्रम अन्तरगर्त २२ ओटा समूह मध्ये माङ्ग्री गाउँका २५ घरले कार्मारोङ सामुदायिक होमस्टे सञ्चालनमा ल्याएका छन् । उक्त होमस्टे मुगु जिल्लाको एक मात्र सामुदायिक होमस्टे रहेको छ । यस होमस्टे सञ्चालनका लागि सामुदायिक समूहको कार्य योजनामा करानी सामुदायिक विकास केन्द्र/यू.एम.एन. मुगु क्लष्टरको सहयोग रहेको छ । हाल यस सामुदायिक होमस्टेमा आउने पाहुनाहरूले दिएको रकमबाट १० प्रतिशत रकम कटाई हाल ७००० रूपैयाँ होमस्टे सञ्चालकको कोषमा जम्मा भएको छ। पाहुनाहरूलाई स्थानीय संस्कृति अनुसार स्वागत सहित स्थानीय परिकार सहितको भोजन र बासको व्यवस्था गरी सामूहिक विकास बढाउने र संस्कृतिलाई जर्गेना गर्न थालेका छन् ।
- समुदायका २२ ओटा सामुदायिक समूहमा ११५ ओटा बैठकहरू सञ्चालन भएका छन् भने ४४ ओटा विषयमा छलफल भएका छन् । नागरिक शिक्षा कक्षामा ४२३ जना (पुरुष ३१६, महिला १०७) जना सामुदायिक समूहका सदस्यहरूको सहभागितामा छलफलहरू सञ्चालन भएका छन् । समूहमा छलफल भएका मुख्य विषयहरू बालबालिकालाई नियमित विद्यालय पठाउने, विद्यालयले दिएका गृहकार्य गर्न लगाउने, नियमित सरसफाइ गरी विद्यालय पठाउने, बालबालिकाको पढाइ हेर्न विद्यालयमा भ्रमण गर्ने, जस्ता विषयमा छलफल चलेका थिए ।



- सुशासनलाई संस्थागत गर्न ४ ओटै साझेदार संस्थाका कार्य समिति पदाधिकारी र कर्मचारीहरूसँग भ्रष्टाचार बिरुद्धको नीति र बाल संरक्षण नीतिको बारेमा अभिमुखीकरण गरियो । त्यस पश्चात सबैले कार्य योजना बनाइसकेका छन् साथै साझेदार संस्थाहरूले साझेदार संस्था स्व-लेखाजोखा गरी सोही अनुरूप कार्ययोजना निर्माण गर्न सजिलो भएको छ ।
- मुगुम कार्मारोङ गाउँपालिकाको शिक्षा शाखाको समन्वयमा १६ ओटा विद्यालयका प्रधानाध्यापक तथा विद्यालय शिक्षक, संस्थाका कार्यरत कर्मचारी र गाउँपालिकाका कर्मचारीहरूसहित २५ जनाको सहभागितामा विद्यालयको सामाजिक परीक्षण विषयक २ दिने तालिम सञ्चालन गरिएको थियो । तालिम पश्चात कार्य योजना बमोजिम दाउरा, रिउसा, पुअ, ताखा, छायल, माँग्री, चिमाथ, किम्री, कार्ति, डोल्फु, सेरोग, पुलु, पापु, खारी गरी १४ ओटा विद्यालयहरूले प्रक्रियागत रूपमा सामाजिक लेखापरीक्षण गराएका छन ।

## कोभिड १९ प्रकोप तथा अन्य प्रकोप

- मुगुम कार्मारोङ गाउँपालिकाको ९ ओटै वडाको १६ ओटा तथा सोरु गाउपालिकाको २ वडाको बस्तिहरूमा कोभिड १९ महामारी तथा अन्य प्रकोपको विषयमा जनचेतनामूलक जानकारी सम्प्रेषण गरियो । उक्त नियमित कार्यका लागि जम्मा १५ओटा डिजे माइक उपलब्ध गराइएको थियो ।
- मुगुम कार्मारोङ गाउँपालिकाको ९ ओटै वडाको क्वारेन्टाइन सेन्टरहरूमा खानेपानी ट्याङकी तथा फिल्टरको उपलब्ध गराइएको ।



- मुगुम कार्मारोङ गाउँपालिकाको एक आइसोलेसन सेन्टरमा १० वेडका लागि बेड प्याक वितरण तथा अन्य स्वास्थ्य तथा सरसफाइका सामग्रीहरू वितरण गरियो ।
- सोरु गाउपालिकाको एक आइसोलेसन सेन्टरमा २० वेडका लागि बेड प्याक र एक सोलर सेट तथा एक क्वारेन्टाइन सेन्टर सञ्चालनका लागि सामग्री वितरण गरियो ।
- छायानाथ रारा नगरपालिका, मुगु सदरमुकामका लागि २० वेडका लागि बेड प्याक तथा खानेपानी ट्याङकी उपलब्ध गराइएको थियो । त्यसैगरी नगरपालिकाको १७ घरधुरी दलित गरिब घरपरिवारहरूलाई खाद्यान्न सहयोग गरिएको थियो ।

## छात्रवृत्ति सहयोगले माध्यमिक शिक्षा अध्ययन गर्ने मौका मिल्यो

मेरो नाम आमकली हो । म १७ वर्षको भए । म छायानाथ रारा नगरपालिका १० मा बस्छु । मेरो घरमा ८ जनाको परिवार भएपनि हाल बहिनी, बुबाआमा लगायत हामी ४ जना बस्छौ ।

मेरो दाइ र दिदीहरूले बिवाह पश्चात छुट्टै बस्दै आइरहेका छन् । त्यसपछि हामीलाई घरयासी काममा भार थपियो । बुबा ६२ र आमा ५९ वर्षको हुनुहुन्छ । सानो जग्गामा खेतिपाति गर्नु बाहेक अन्य आम्दानीको स्रोत छैन त्यसैले गर्दा बुबा घरको जीविकोपार्जनका लागि दैनिक रूपमा ज्यालादारी गर्नुहुन्थ्यो । मेरो बुबा अपाङ्ग (बहिरा व्यक्ति) हुनुहुन्छ । नेपाल सरकारले उपलब्ध गराउने रु २००० सामाजिक भत्ता पाइरहनु भएको छ । घरपरिवारको घर खर्च र हामीहरूको शैक्षिक सामग्री किन्नलाई अप्रयाप्त हुन्छ । खेतिपातिबाट हुने उब्जनीले मुस्किलले सात महिना पुग्छ ।

आर्थिक रूपमा विपन्न भएकाले शैक्षिक सामाग्रीहरू र विद्यालयको पोशाक किन्न नसकेकोले दैनिक रूपमा पठनपाठनमा असर पुऱ्याइरहेको छ । मैले विद्यालयमा अतिरिक्त क्रियाकलापहरू जस्तै (भलिबल, कुर्सी खेल, देउडा खेल, दौड् र हाजिरी जवाफमा सहभागी हुँदै आउने गर्थे त्यसबाट पाएको पुस्कारले केहि हदसम्म कापी कलम र अन्य शैक्षिक सामग्रीहरू किन्नलाई सजिलो हुने गरेको थियो । कक्षा ९ मा अध्ययन गर्दै गर्दा संस्थाबाट छात्रावृत्ति पाए । छात्रवृत्ति प्याकेजमा घर र विद्यालयमा लगाउने पोशाक, शैक्षिक तथा सरसफाइ सामग्रीहरू किन्न सजिलो भएको छ ।

मैले छात्रवृत्ति प्राप्त गरेपछि बुबा आमा खुसी र गौरवान्वित हुनुभयो । यसले मलाई दैनिक रूपमा विद्यालय जान र विभिन्न अतिरिक्त क्रियाकलापहरूमा सहभागी हुन प्रेरित गऱ्यो । घरमा मैले बुबा आमालाई दैनिक रूपमा खाना पकाउन र अन्य घरयासी



काम गर्नलाई सहयोग गरे । दैनिक रूपमा घर र विद्यालयमा समयतालिका बनाई अध्ययन गर्नाले मेरो अध्ययन र लेखनमा सुधार गरे । त्यसैगरी संस्थाले मलाई एसइइ परीक्षामा ट्युसन शुल्क सहयोग गऱ्यो । यदि छात्रवृत्ति प्राप्त नगरेको भए मैले अध्ययनलाई निरन्तरता दिन गाह्रो र असम्भव जस्तै हुन्थ्यो । अहिले पनि मैले छात्रवत्ति पाइरहेको छु । भविष्यमा यदि संस्थाले प्राविधिक अध्ययन जस्तै अनमी वा ओभरसियर अध्ययनमा सहयोग गरे महिलाहरूको, परिवारको र सामुदायिक विद्यालयको सेवा गर्ने मन छ ।

## साझेदार संस्थाहरूको नाम तथा लक्षित समुदायको विवरण

| नाम | साझेदारी मिति | लक्षित पालिकाहरू | लाभान्वित सङ्ख्या | विषयगत क्षेत्र |
|---|---|---|---|---|
| **ग्रामीण सामुदायिक संस्था** | १९ मार्च २००६ | सबै पालिकाहरू | | शिक्षा |
| **करानी सामुदायिक विकास केन्द्र** | २२ अगष्ट २००७ | मुगुम कार्मारोङ गाउपालिका | | शिक्षा, सुशासन, स्वास्थ्य |
| **डार्डो नेपाल** | २२ अगष्ट २००७ | सबै पालिकाहरू | | शान्ति निर्माण- अपाङ्गता |

| विषयगत क्षेत्रहरू | जम्मा बजेट | जम्मा खर्च |
|---|---|---|
| **कोर क्लस्टर** | ४६,२४,३८३ | ३९,०६,०७८ |
| **सुशासन** | २३,१६,५०६ | १५,०१,५३९ |
| **शिक्षा** | २७,३४,७२५ | २१,६८,५२२ |
| **स्वास्थ्य** | ९८,४९,१७० | ८८,२६,६५५ |
| **शान्ति निर्माण** | १,२५,९६,०८२ | १,३५,३१,४१७ |
| **जम्मा** | ४,८४,६०,२७० | ४,५०,४४,४९५ |

| नाम | पद |
|---|---|
| **जगत बहादुर शाही** | कार्यालय सहयोगी |
| **नेत्र बहादुर शाही** | परियोजना व्यवस्थापक |
| **तुलसी नेपाली** | प्रशासन तथा वित्त अधिकृत |
| **तेजिन्द्र सिंजाली** | क्लस्टर टिम लिडर |
| **हिरालाल श्रेष्ठ** | बरिष्ठ कार्यक्रम अधिकृत-शिक्षा |